# बुंगल नगरपालिकाको नगरसभाको सोह्रौं अधिवेशनमा नगर प्रमुख श्री जय बहादुर धामीले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८२/८३ को

# नीति तथा कार्यक्रम

बुंगल नगरपालिका

२०८२

## यस गरिमामय नगर सभा सदस्यज्यूहरू

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ४ दफा १९ बमोजिम आ.व. २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम यस बुंगल नगरपालिकाको गरिमामय नगर सभाको १६ औं बैठकमा प्रस्तुत गर्दछु ।

सर्वप्रथम संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक राज्य स्थापना गर्न देशको लागि जीवन बलिदान गर्नु हुने सम्पूर्ण महान ज्ञात/अज्ञात शहिदहरु प्रति भावपूर्ण हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । घाइते तथा अपाङ्गता भएका व्यक्तिहरु प्रति उच्च सम्मानका साथ सहानुभूति प्रकट गर्दछु ।

स्वाधीन, समुन्नत एवंम आत्मनिर्भर अर्थतन्त्र निर्माणको आवश्यकता र संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधार निर्माण गर्न जरूरी भएकोले गरिबीको रेखामुनि रहेका तथा विभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदाय लगायत सबै नगर बासीको बिकास र समृद्धिको आकाँक्षा सम्बोधन गर्ने तर्फ नीति तथा कार्यक्रम केन्द्रित गरेको छ ।

नेपालको संविधानले व्यवस्था गरे बमोजिम मुलुकमा संघीय शासन प्रणाली कार्यान्वयन भईरहेको वर्तमान सन्दर्भमा यो नगरपालिका आर्थिक, सामाजिक विकास, भौतिक पुर्वाधार निर्माण, कृर्षि, जलस्रोत, पर्यटन विकास र सुशासन प्रवर्धनको दिशामा अघि बढि रहेको छ । उपलब्ध स्रोत साधनको परिचालन गरी नगरपालिकाको समग्र विकास र समृद्धि मार्फत **'बुंगलको आधार, बलियो पूर्वाधार'** को लक्ष्य पुरा गर्ने दिशामा हामी अग्रसर छौं ।

नेपालको संविधान जारी भई मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको करिब १० बर्ष पुरा भएको छ । संघ, प्रदेश र स्थानीय तह नेपालको मूल राज्य संरचना हो ।यी तीन वटै तहले नेपालको राज्य शक्तिको प्रयोग संविधान तथा कानून बमोजिम प्रयोग गर्दै आएका छन् । संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार उल्लेख भएको र त्यस्तो अधिकारको प्रयोग संविधान, संघीय कानून, प्रदेश कानून र गाउँसभा वा नगरसभाले बनाएको कानुन बमोजिम हुने व्यबस्था रहेको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी बिषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने संवैधानिक व्यबस्था रहेको छ ।

सोही अनुरुप नगरपालिकाको १६ औं नगरसभामा यहाँहरु समक्ष आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम पेश गर्न गईरहेको छु ।

## यस गरिमामय नगर सभाका सदस्यज्यूहरू
## आ.व.२०८१/०८२ का मुख्य मुख्य उपलब्धीहरू:

१. राष्ट्रियपाठ्यक्रम प्रारुप, २०७६ को व्यवस्था बमोजिम पालिकाको स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक निर्माणको कार्य अन्तिम चरणमा छ ।शिक्षक दरवन्दी मिलानगर्ने कार्य अन्तिम चरणमा  पुगेको छ ।

२. चालु आ.व.मा विद्यालयकाभवन निर्माणका कार्य सम्पन्न हुने क्रममा छन् ।सामुदायिक माध्यमिक विद्यालयमा आई.सि.टि ल्याव र पुस्तकालयहरु स्थापना गरिएको छ ।

३. सरस्वती माध्यमिक विद्यालयलाई नमुना विद्यालयको रुपमा स्तरोउन्नती गरिएको छ ।

४. विद्यालयको अनुगमन तथा निरीक्षण कार्यलाई कडाईका साथ संचालन गरिएको छ | परीक्षा प्रणालीलाई थप ब्यबस्थित, मर्यादित र भयरहित तरिकाले संचालन गरिएको छ |

५. आधारभूत तथा माध्यामिक बिद्यालायका शिक्षककहरुका लागि आई.सी.टि र इमिस पेसागत कस्टमाइज्ड तालिम संचालन गरि शिक्षकको पेशागत बिकास तथा शिक्षककहरुलाई उत्प्रेरणा प्रदान गरिएको छ |

६. नगरपालिका र एम पि डी एसको साझेदारीमा ९ वटा विद्यालयका भान्सा घर निर्माण कार्य सम्पन्न गरिएको छ ।दलित सहयोग समाजको साझेदारीमा स्थानीय पाठ्यक्रम **"हाम्रो बुङ्गल"**लाई परिमार्जन गरिएको छ ।

७. करिव ५ हजार बालबालिकाहरुको अपाङ्गताको प्रारम्भिक पहिचान कार्यक्रम सम्पन्न गरिएको छ ।विद्यालयलाई दिईदै आएको छात्रवृति, पाठ्यपुस्तक, मसलन्द जस्ता निकासाहरुलाई व्यवस्थित बनाउँदै लगिएको छ ।

८. कक्षा १ देखि ९ सम्मको परीक्षालाई ईमिस प्रणालीमार्फत व्यवस्थित गरिएको छ ।

## यस गरिमामय नगर सभाका सदस्यज्यूहरू

९. बागथाला बिजगडा हुदै कफलसेरी सम्मको सडक खण्डको बगथाला बिजगडा कफलसेरी सम्म कालोपत्रे भई सडक स्तरोन्नती हुने काम सम्पन्न भएको छ |

१०. नगरपालिकाभित्रका सबै वडामा सडक सञ्जालको पहुँच पुग्नुका साथैवित्थडसुवालेकहिनगडाझापारनलेकसडकखण्ड तथा लिमकुसेनापुतलीलेक सडकखण्डको स्तरोन्नतीको काम द्रुतगतिमा अगाडी बढेको छ ।

११. सबै ग्रामिण सडक सरसफाई गर्ने काम सम्पन्न गरिएको छ |चालु आर्थिक वर्षमा मात्रै ५.७४ किलोमिटर नयाँ सडक निर्माण गरी सञ्चालनमा ल्याईएको छ ।

१२. नगरपालिका भित्रको उत्पादनमूलक उर्वर भूमिलाई सिँचित गरी उत्पादकत्व अभिवृद्धि गर्न ४.६२ किलोमिटर सिचाई कुलो निर्माण सम्पन्न गरिएको छ ।नगरपालिका भरी ७ वटा सिंचाई पोखरी निर्माण कार्य सम्पन्न भएको छ ।

१३. नगरपालिकाभित्रका विभिन्न वस्तीहरुमा स्वच्छ खानेपानी तथा सरसफाईको पहुँच विस्तार गर्न १३१ वटा खानेपानी आयोजनाहरुको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याईएको छ ।

१४. यस नगरपालिकाका विभिन्न वस्तीहरुलाई जोड्नको लागि १२.५५ किलोमिटरगोरेटो बाटो निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याईएको छ ।

१५. यस बुङ्गल नगरपालकाका विभिन्न वडाहरुमा आवत जावतमा भएको कठिनाईलाइ मध्येनजर गर्दै१ ओटा स्टिल ट्रस्ट पुल र नगरपालिका भरि ७ वटा कल्भर्ट निर्माण गरी सञ्चालनमा ल्याईएको छ ।

१६. बुङ्गल नगरपालिका भित्रका विभिन्न बस्तीहरुमा जीविकोपार्जन सहजताका लागि ४ वटा सुधारिएको पानी घट्टको निर्माण गरी सञ्चालनमा ल्याईएको छ ।

१७. बुङ्गल नगरपालिकाका केही थप गाउँ टोलहरुमा बिद्युत प्रशारण लाइनको विस्तार गरिएको छ ।

१८. नगरपालिकाको प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न भई आफ्नै प्रशासकीय भवनबाट सेवा प्रवाह सञ्चालन गरिएको छ ।

१९. ४कोठे र २ कोठे गरि ८ वटा विद्यालयको भवन निर्माणकार्य सम्पान्न हुने चरणमा रहेको छ ।

२०. वडा नं. २, वडा नं. ७ रवडा नं. ९ को प्रशासकीय भवनको ठेक्का प्रकिया सम्पन्न भई निर्माणाधिन चरणमा रहेकोछ ।१७ वटा मन्दिरहरुको निर्माण कार्य सम्पन्न भएको छ ।

२१. विपद् जोखिम् न्यूनिकरणलाई मध्ये नजर गर्दै नगरपालिका भरी २१ ओटा तटबन्धन निर्माण कार्य सम्पन्न भएको छ ।

२२. सडक बोर्ड र नगरपालिकाको साझेदारीमा सडक स्तरोन्नति गर्न्रे काम संचालन भईरहेको छ ।

२३. बिद्यालय, वडा कार्यालय, नगरपालिका र स्वास्थ्य संस्था गरी १५ वटा घेरबार आयोजना निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।

## यस गरिमामय नगर सभाका सदस्यज्यूहरू

२४. ११वटै वडामा मेलमिलाप केन्द्र गठन तथा मेलमिलाप सम्बन्धि न्यायिक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

२५. न्यायिक समितिले मेलमिलापको माध्यमबाट ४ वटा मुद्दाहरु मेलमिलाप गरिएको र २ वटा मुद्दाहरु प्रकृयामा रहेका छन् ।

२६. **एक पालिका एक नगदे बाली** प्रवर्द्धनका लागि कृषि र सिचाई सहकार्य कार्यक्रम अन्र्तगत ४ वटा सिचाई पोखरी र ६ वटा सिचाई कुलो गरी जम्मा १० वटा सिचाई संरचना निर्माण गरिएको छ ।

२७. १ जना कृषकलाई फलफूल विरुवा कलमी सम्बन्धी तालिम र २ जना कृषकहरुलाई नविनतम प्रविधि सम्बन्धी तालिम र १ जना कृषकलाई विउ विजन सम्बन्धी तालिम गरी जम्मा ४ जनालाई तालिम दिने कार्य सम्पन्न गरिएको छ ।

२८. कृषि आधुनिकिकरणका लागि थ्रेसर मेसिन खरिद कार्य सम्पन्न गरिएको छ ।

२९. कृषि ज्ञान केन्द्रको आर्थिक सहयोग तथा बुङ्गल नगरपालिकाको प्राविधिक सहयोगमा आई.पि.एम पाठशाला काक्रा बालीमा बुङ्गल न.पा ०५ कोलगैरा टोलमा संचालन गरि सम्पन्न गरिएको छ ।

३०. बालि संरक्षण प्रयोग शाला सुन्दरपुर को सहयोगमा २ दिने सुन्तला बगैचा रोग ह्रास सम्बन्धी ३० जना कृषकहरुलाई तालिम दिने कार्य संम्पन्न गरिएको छ ।

३१. १ जना कृषि प्राविधकलाई आई.पि.एम कृषक पाठशाला सहजकर्ता सम्बन्धी १२ दिने तालिम दिने कार्य सम्पन्न गरिएको छ । गहुँ बालिमा लागेको फौजि किरा नियन्त्रण गर्ने कार्य गरिएको छ ।

३२. कृषि तथ्याङ्क कार्यक्रम अन्तर्गत ७१५ कृषक घर धुरीको तथ्याङ्क संकलन गर्ने कार्य सम्पन्न गरिएको छ । ८० वटा माटो नमुना माटो प्रयोगशाला सुन्दरपुरमा परिक्षणको लागि पठाउने कार्य गरिएको छ ।

३३. नगरपालिका भरी १५ वटा कृषक समुह दर्ता गरिएको छ ।बुङ्गल नगरपालिका वडा नं.३, ९ र १० गरि जम्मा १३०० जना कृषकहरु लाई बर्षे तरकारिको बिउ वितरण गर्ने कार्य गरिएको छ ।

## यस गरिमामय नगर सभाका सदस्यज्यूहरू

३४. विभिन्नपशुवस्तुमा लाग्ने रोगका बिशेषज्ञ पशुचिकित्सकसहितको बृहत पशु स्वास्थ्य शिविर संचालन गरि करिब १३,७९५ पशुलाई उपचार तथा खोप सेवा प्रदानगरिएको छ ।

३५. नगरपालिका भरिका पशुवस्तुको स्वास्थ्य परीक्षण ,उपचार तथा औषधि दिने कार्यलाई निरन्तरता गरिएको छ ।

३६. विभिन्न पशुपन्छी फर्महरुको फिल्ड अनुगमन तथा सुपरीवेक्षण कार्यलाई निरन्तरता गरिएको छ ।

३७. कृषक समुह तथा व्यवसायिक फर्म दर्ता कार्यलाई निरन्तरता गरिएको छ ।

३८. नगरपालिका भरिका गाईभैसीमा नश्ल सुधारको लागि कृत्रिम गर्भाधानको कार्यलाई निरन्तरता गरिएको छ ।(आ.व.०८१/०८२ मा करिब ३२ वटा गाई र १९ वटा भैसीमा नश्ल सुधारको कार्य भएको छ)

३९. कृषि तथा पशुपंछीहरुको तथ्याङ्क संकलन कार्यलाई निरन्तरता दिइएको छ ।

४०. नगरपालिका भरिका कुकुर/बिरालोमा रेबिज बिरुद्धको खोप लगाउने कार्यलाई निरन्तरता दिइएको छ (जसमा आ.व ०८१/०८२मा ६०४ वटा कुकुर/बिरालोमा खोप लागाउने काम सम्पन्न भएको छ ।

४१. बुङ्गल नगरपालिका वडा नं.१मा भेडा/बाख्रामा लाग्ने बाह्य परजीबी नियन्त्रणको लागि डीपीङ ट्यांकी निर्माणको कार्य सम्पन्न भएको छ ।इपिडेमियोलोजोकल रिपोर्टिंग को कार्यलाइ निरन्तरता दिइएको छ ।

४२. पशुवस्तुमा लाग्ने विभिन्न रोगहरुको नमुना संकलन गरि धनगढी प्रयोगशालामा पठाई रोग पहिचान कार्यलाई निरन्तरता दिइएको छ । किसानहरुको घरदैलोमा पुगी पशुवस्तुमा लाग्ने विभिन्न रोगहरुको समस्या समाधान तथा परामर्शको कार्यलाई निरन्तरता दिइएको छ ।

४३. नगरपालिका भरिका बोका/बहर/कुकुरको बन्ध्याकरणको कार्यलाई निरन्तरता दिइएको छ । (आ.व.०८१/०८२मा २७ वटा बोका, १२ वटा बहर र ७ वटा कुकुरको बन्ध्याकरण कार्य भएको छ)

४४. बुङ्गल नगरपालिकाका भेडा/बाख्रामा बिमा टयाग लगाउने काम भएको छ ।४५२ जना बेरोजगारहरुलाई सूचीकृत गरिएको छ ।

४५. ३९ जनाका लागि कार्य स्थलमा आधारित सीप विकास तालिम सञ्चालन गरी सम्पन्न गरिएको छ ।

४६. राजश्व संकलन कार्यलाई अनलाइन माध्यमबाट ११ वटै वडाहरुमा सञ्चालन गरिएको छ ।

४७. सामाजिक सुरक्षा भत्तालाई अनलाइन माध्यमबाट भुक्तानी प्रकिया संचालन गर्ने गरिएको छ |पालिकाको सम्पूर्ण भुक्तानी अनलाइन माध्यम EFT मार्फत गरिएको छ ।

४८. नगरपालिकाको चौमासिक आर्थिक प्रगति प्रतिबेदन वेबसाइट मार्फत सार्बजनिक गर्ने गरिएको छ |

## यस गरिमामय नगर सभाका सदस्यज्यूहरू

४९. उपभोक्ता हकहितलाई मध्यनजर गरि पालिका भरि दर्ता भएका वा नभएका गरि जम्मा २२२ वटा पसलहरुमा अनुगमन गर्दा रु. ४,६९,१७३ बराबरको म्याद गुज्रेको वा अवैध तथा अखाद्य वस्तुहरु संकलन गरि नष्ट गरि बजार अनुगमन गर्ने कार्यको थालनी गरिएको छ |

५०. नगरपालिका भरि अनुगमन तथा सुपरभिजन गर्ने कार्यलाई कडाईका साथ लागु गर्ने कार्यको थालनी गरिएको छ |

५१. नगरपालिका भित्रका सम्पूर्ण कार्यालय र नगरपालिकाका शाखा लाई हरेक महिना समाप्त भएपछी आफ्नो महिनाभरी गरेको कामको मासिक बैठक मार्फत प्रगति प्रतिवेदन कार्यालय प्रमुखलाई बुझाउने कामको थालनी भएको छ |

५२. खरिद आदेश र मर्मत आदेश अनलाईन माध्यम (पाम्स) बाट मात्रै हुने काम गरिएको छ |

५३. स्थानीय तह गठन भईसकेपछि दोस्रो पटक नगरपालिकाको निरन्तर सार्वजनिक सुनुवाई हुनेगरि सार्वजनिक सुनुवाई हुने कार्य गरिएको छ |

५४. जनताको सेवालाई छिटो छरितो गर्ने गरि हरेक कामको निगरानी हुने काम गरिएको छ |नगरपालिकाबाट हुने हरेक योजना र कामको स्थलगत अनुगमन र मुल्यांकन हुने गरिएको छ |

## यस गरिमामय नगर सभाका सदस्यज्यूहरू

५५. नागरिकको स्वास्थ्य सेवा प्राप्त गर्ने मौलिक हकलाई सुनिश्चित गर्न प्रत्येक वडाहरुमा स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाइ,वर्थिङ्ग सेन्टर सञ्चालन भइरहेकोछ ।८ वटा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य सम्पन्न गरि संचालन गरिएको छ |

५६. विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य सेवा प्रदान गर्न बुङ्गल नगरपालिका वडा नं ४ मा १५ सैयाको नगर अस्पतालको निर्माण कार्य सुचारु भई निर्माण कार्य आगामी आ.व. २०८२/०८३मा सम्पन्न गर्ने गरी कामको द्रुत गतिमा अगाडि बढेको छ ।

५७. असहाय,अपाङ्ग,अति विपन्न, दीर्घरोगी तथा स्वास्थ्य समस्याबाट पिडित विपन्न व्यक्तिहरुका लागि आर्थिक सहायता तथा उद्धार कार्यहरु गरिएका छन्।स्वास्थ्य संस्थाको अनुगमन तथा सुपरीवेक्षण कार्यलाई निरन्तरता गरिएको छ |

५८. महिला स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि गर्ने कार्य सम्पन्न गरिएको छ |दीर्घ रोगीहरुलाई उपचार खर्च दिने कार्यलाई निरन्तरता दिइएको छ |

५९. विभिन्न रोगका विशेषज्ञ चिकित्सकसहितको वृहत स्वास्थ्य शिविर सञ्चालन गरी १२०४ जनालाई सेवा प्रदान गरिएको छ ।

६०. अपाङ्ग परिचय पत्र बर्गिकरण तथा वितरण गरिएका छन् ।लैंगिङ्क हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन गरिएको छ ।महिला समूह गठन र दर्ता गरिएका छन् ।

६१. विपन्न सुनौला हजार दिनका आमाहरुको जीविकोपार्जन सुधारको लागि आयआर्जन कार्यक्रम सञ्चालनमा ल्याईएको छ ।

६२. सुदूरपश्चिम प्रदेश सरकार तथा बुङ्गल नगरपालिकाको साझेदारीमा स्वस्थ र सुखी बुङ्गल हाम्रो सरोकार प्रभावकारी रुपमा पोषण सुधार कार्यक्रम सञ्चालनमा ल्याईएको छ ।

## यस गरिमामय नगर सभाका सदस्यज्यूहरू
## नीति तथा कार्यक्रम पेश गर्न गइरहेको छु

६३. नगरपालिकाको विकास र समृद्धिको प्रमुख आधारको रुपमा रहेको सडक यातायातलाई सुरक्षित र व्यवस्थित गर्न सडक गुरु योजना बनाई सञ्चालित सडकहरुको स्तरोउन्नतिमा निरन्तरता गरिनेछ ।

६४. नगरपालिका भित्रका मुख्य बजारहरुको फोहोरमैला व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइटको अध्ययन गरिनेछ ।

६५. **"स्वच्छ उर्जामा अभिवृद्धि, बुङ्गल नगरको समृद्धि"** भन्ने मूलनाराका साथ स्वच्छ उर्जामा आम नागरिकको सहज पहुँच विस्तार गर्न नगरपालिकाका सम्पूर्ण बस्तीहरुमा राष्ट्रिय प्रशारण लाइन विस्तार गर्न पहल गरिनेछ ।

६६. नगरपालिकाबाट सञ्चालित आयोजनाहरुको दिगो व्यवस्थापनका लागि दर्ता भएको उपभोक्ता समितिबाट मात्रै सार्वजनिक निर्माणका कार्यहरु सञ्चालन गरिने व्यवस्था मिलाईनेछ ।

६७. नगरपालिकाभित्र संचालन भएका विकास निर्माणका साथै अन्य कार्यक्रमहरुको गुणस्तर र नियमितताको सम्बन्धमा नगरपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति र वडा स्तरीय अनुगमन समितिले नियमित अनुगमन तथा प्रतिवेदन गर्ने कार्य अनिवार्य गर्नुका

साथै अनुगमन तथा सुपरीवेक्षणका लागि आवश्यक स्रोत साधनको व्यबस्था मिलाइनेछ ।

६८. नगरपालिकाभित्र निर्माण हुने भवनहरुमा स्थानीय भवन संहिताको पूर्ण पालना गरेर मात्रै निर्माण गर्ने कार्य कडाईका साथ लागु गरिनेछ ।

६९. बाढी पहिरो भू-क्षय जस्ता प्राकृतिक प्रकोपहरुबाट आम नागरिकहरुको जीउधनको सुरक्षा गर्न जोखिमयुक्त ठाउँहरु पहिचान गरी तटबन्धन, वृक्षारोपण, बायोइन्जिनियरिङ आदि जस्ता कार्यहरु गरिनेछ ।

७०. उपभोक्ता समितिका पदाधिकारीहरुलाई आयोजना कार्यन्वयन सम्बन्धि तालिम तथा प्रशिक्षणका माध्यमबाट आयोजना कार्यन्वयनको क्षमता अभिबृद्धि गरिनेछ।

७१. तोकिएको गुणस्तर र मापदण्ड बमोजिमसमयमै आयोजना सम्पन्न गर्नेउत्कृष्ट उपभोक्ता समितिलाई नगरपालिकाबाट प्रसंशापत्र प्रदान गरिनेछ ।

७२. कुनै पनि गैरसरकारी संघसंस्थाहरुले नगरपालिकाभित्र संचालन गर्ने आयोजना तथाकार्यक्रम सञ्चालन गर्नुपूर्व नगरपालिकाको स्वीकृति/अनुमति लिने रनगरपालिकाको नीति तथा कार्यक्रम अनुरुप मात्र आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिने छ ।

७३. नगरपालिकाको प्रशासकीय भवन जोड्ने गरी डौनेक हाटकोट झोलुंगे पुल निर्माण कार्यको थालनीका लागि आवश्यक पहल गरिने छ ।

७४. नयाँ प्रशासकीय भवन निर्माण गर्ने कार्यको थालनी गरिने छ ।

७५. नगरपालिका भित्रका छनौट भएका गौरवका आयोजनाकोतत्काल निर्माण तथा पहल गर्नआयोजनाहरुको प्राथमिकीकरणगरिनेछ।प्राथमिकीकरणगरिएका आयोजनाहरुको डी.पी.आर. निर्माण गर्ने कार्यको थालनी गरिने छ ।

७६. विभिन्न खोलामा साँघु, आर.सि.सि. पुल, झोलुङ्गे पुल तथा कलभर्ट निर्माण गरिने छ । जोखिमयुक्त बाटोको सुधार गरिने छ ।कलङ्गा नदीले वर्षेनी कटान गर्दै आएको क्षेत्रमा तटबन्धन निर्माणका लागि पहल गरिनेछ।

७७. नगरपालिका भित्रका लघुविधुत र नविकरणीय उर्जाका स्रोतहरुको संरक्षण तथा मर्मत गरी सञ्चालनमा ल्याईने छ ।

७८. फलफूल तथा तरकारीमा आत्मनिर्भर हुनका साथै आर्थिक उन्नतिका लागि **एक वडा एक फलफूल तथा तरकारी पकेट** क्षेत्र स्थापना गरिने छ ।

७९. उत्पादन गरेका फलफूल तथा तरकारी संकलन गर्न संकलन केन्द्र कोल्ड स्टोर तथा हाट बजारको व्यवस्था गरीने छ ।कृषिआधुनिकीरणका लागि कृषि औजार सामग्री तथा मल बीउ बिजनको व्यवस्था गरिने छ ।

८०. रैथाने बालिको संरक्षण एवम् प्रर्वधन गरिने छ ।ओखर पकेट क्षेत्र विस्तार गरिने छ ।**एक घर एक करेसावारी र घरबगैंचा कार्यक्रम** सञ्चालन गरिने छ ।

८१. केरा खेती विस्तार कार्यक्रम र तालिम संचालन गराइने छ ।सिंचाईका लागि साना सिचाई कार्यक्रम पोखरी निर्माण आदिको व्यवस्था गरिने छ ।

८२. व्यावसायिक रुपमा मौरी पालन गर्ने किसानहरुलाई गोला सहितको घारको व्यवस्थाका साथै तालिमको व्यवस्था गरिने छ ।च्याउ उत्पादनका लागि च्याउको वीउ र तालिमको व्यवस्था गरिने छ ।

८३. मसला बाली अन्तर्गत अदुवा लसुन बेसार अलैची आदिको उन्नत जातको बीउको व्यवस्था गराईने छ ।बुङ्गल नगरपालिकाका ११ वटै वडामा माटो जाँच शिविर संचालन गरिने छ ।

८४. व्यावसायिक रुपमा तरकारी खेती गरिरहेका किसानहरुलाई तालिमको व्यवस्था गरिने छ ।दर्ता भएका नर्सरीहरुलाई आधुनिक तरिकाबाट बेर्ना उत्पादन सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।

८५. उत्कृष्ट कृषकहरुलाई पुरस्कारको व्यवस्था तथा सम्मान कार्यक्रम गरिने छ ।अगुवा कृषक तथा व्यावसायिक रुपमा तरकारी तथा फलफूल खेती गर्दै आएका कृषकहरुलाई कृषि भ्रमणको व्यवस्था गरिने छ ।

८६. कृषि वन कार्यक्रम लागु गरिने छ ।दलहन बाली खेति प्रर्बद्धन कार्यक्रम लागु गरिने छ ।बाली संरक्षण कार्यक्रमका लागि बाली शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

८७. पशुसेवा शाखाको सेवा प्रवाह सुदृढ गर्न उच्च गुणस्तरीय पशु स्वास्थ्य क्लिनिकको स्थापना गरिनेछ । पशुपन्छी उत्पादनको बजारीकरण प्रणाली विकास गर्न दुग्ध प्रशोधन केन्द्र,मासु प्रशोधन केन्द्रको स्थापना गरि बजारीकरणको सुनिश्चितता गरिनेछ ।

## यस गरिमामय नगर सभाका सदस्यज्यूहरू

८८. सम्पूर्ण पशुवस्तुमा लाग्ने महामारीजन्य रोगहरु जस्तैःरेबिज,LSD,PPR,FMD र अन्य रोगहरु न्यूनीकरणको लागि खोप सञ्चालन कार्यलाई निरन्तरता दिइने छ ।

८९. पशुबाट मानिसमा सर्ने जोनोटिक रोग सम्बन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालनगरिनेछ।(जस्तैःरेबिज र अन्य रोगहरु)गाई/भैसीको नश्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रम निरन्तरता दिईनेछ ।

९०. पशुपालनमा उधमशिलता विकास तालिमहरु सञ्चालन गरिनेछ ।नगरपालिका भरिका सम्पूर्ण पशुवस्तुको लागि औषधि उपचार सेवा कार्यलाई निरन्तरता दिइनेछ ।

९१. बुङ्गल नगरपालिका भित्रमा पशुवस्तुमा लाग्ने खरी रोग उन्मूलनका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ ।बुङ्गल नगरपालिकाको चरन क्षेत्रलाइ सुदृढ गर्न विकासे घाँसको बीउ वितरण कार्यक्रम संचालन गरिनेछ।

९२. पशुपन्छीपालनलाई व्यवस्थित परिणाममूखी र प्रतिस्पर्धी ब्यावसायिक बनाई पशुपन्छीबाट उत्पादितवस्तु (जस्तैःदुध,अण्डा,मासु)को आयात घटाउँदै निर्यातमा प्रोत्साहन गरिनेछ ।

९३. पशुस्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।आधारभूत तथा आकस्मिक पशु स्वास्थ्य सेवाका लागि औषधिखरिद कार्यलाई निरन्तरता दिईनेछ।

९४. सम्पूर्ण पशु खोप भण्डारणको लागि कोल्ड च्यान/फ्रिजको ब्यवस्थापन गरिनेछ ।

९५. नगरपालिकाभित्र रहेका आरन व्यावसायहरूलाई थप आधुनिकीकरण गरि व्यावसायिकीकरणमा जोड दिइनेछ ।

९६. कृषि तथा पशुपालनमा आधारित उद्योगलाई विशेष प्राथमिकता दिईनेछ ।स्थानीय सीपमा आधारित तथा कम पूँजीबाट सञ्चालन गर्न सकिने उद्योग स्थापनामा विशेष जोड दिईनेछ ।

९७. स्थानीय स्तरमा उत्पादित वस्तुहरुको प्रवर्द्धनका लागि प्रदर्शनी कार्यक्रमहरु सञ्चालन गरिनेछन ।जडीबुटी प्रशोधन कार्यलाई प्रोत्साहित गरिनेछ ।

९८. नगरपालिका भित्र सञ्चालन भईरहेका किराना पसल, होटल लगायत सबै प्रकारका व्यावसायहरुलाई अभिलेखिकरण गरी नियमन गर्दै करको दायरामा ल्याईनेछ ।

९९. नगरपालिकाभित्र न्यून गुणस्तरका मदिरालाई पूर्ण रुपमा निषेध गरिनुका साथै मदिरा विक्री बितरणलाई नियमन गरिनेछ ।

१००. मानव स्वास्थ्यमा गम्भीर असर पर्ने जंक खाद्यपदार्थहरुलाई निषेध गरिने नीति लिईनेछ ।स्थानीय उत्पादनमा आधारित खाद्यपदार्थको उपभोगलाई प्रवर्द्धन गरिनेछ ।

१०१. बड्डीज्यावन, त्रिवेणी बाइसधारा,पुरमचुली, थानपाटन, धौलाढुङ्गा, भाडमय, खोल्लेक, बजेश्वरी, डोलारी,लगायत धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण, सम्बर्द्धन तथा प्रचार प्रसारमा विशेष प्राथमिकता दिई आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने नीति अवलम्बन गरिनेछ ।

१०२. नगरपालिका भित्रका विभिन्न महत्वपूर्ण मठमन्दिरहरुको संरक्षण तथा सम्वर्द्धन गरिनेछ ।हाटकोटलाई पर्यटकीय स्थलको रूपमा विकास गर्न पहल गरिनेछ ।

१०३. खोल्लेकलाई पर्यटकीय क्षेत्रको रुपमा स्थापना गरिनेछ ।

१०४. "**घर घरमा भकारी टोल टोलमा सहकारी**" भन्ने नाराका साथ नगरपालिका भित्रका प्रत्येक वडाहरुमा कम्तिमा एक वटा सहकारी संस्थाको स्थापना गरिने नीति लिईनेछ ।

१०५. नगरपालिकाभित्र सहकारी सञ्चालन,प्रवर्द्धन र नियमनकालागि आवश्यक कानून बनाई कार्यान्वयन गरिनेछ ।नगरपालिकाभित्र सञ्चालन भईरहेका सहकारीहरुको कार्यदक्षतामा वृद्धि गरी नियमन गरिनेछ ।

**यस गरिमामय नगर सभाका सदस्यज्यूहरू**

१०६. नविकरणीय उर्जाको प्रयोग तथा खपत गर्न प्रोत्साहन गरिनेछ । उज्यालो नगरकालागि विद्युत लाइन विस्तार नभएका सबै बस्ति तथा टोलहरुमा विद्युतिकरणकालागि पहल गरिनेछ ।

१०७. आधारभूत अस्पतालबाट सेवा सुचारु गर्नका लागि थप बजेटको व्यवस्था गरिने छ ।Inj. Oxytone भण्डारणका लागी ILR Refrigerator प्रत्येकस्वास्थ्य चौकीमा उपलब्ध गराईने छ ।

१०८. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधिखरिदको निरन्तरता गरिने छ ।खिरातडी स्वास्थ्य चौकीको चिकित्सक सहितको चौबिस घण्टे इमर्जेन्सीसेवासंगै डेन्टल, एक्स-रे, भिडियो- एक्स-रेतथा आधुनिक प्रयोगशाला सहितको सेवाको विस्तार गरिने छ।

१०९. नगरपालिकाकास्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारी र अन्य सेवाकासमान तहमा कार्यरत नगर स्रोत करार कर्मचारीको सेवासुविधामा एकरुपता गरिने छ।

११०. खिरातडी स्वास्थ्य चौकी र देउलीकोट स्वास्थ्य चौकीको लागि अल्ट्रासाउण्ड मेसिनको ब्यबस्था भएको ग्रामिणअल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिईने छ।

१११. खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राख्दै विस्तारित खोप कार्यक्रम अन्तर्गतका सम्पूर्ण कृयाकलापहरुलाई निरन्तरता दिईने छ ।महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन भत्ता एकद्वार प्रणाली द्वारा ब्यवस्थापन गरिने छ।

११२. स्वास्थ्य संस्थाका लागि अत्यावश्यकसर्जिकल सामग्रीहरुखरिदको ब्यवस्था गरिनेछ।एकिकृत स्वास्थ्य शिबिर सञ्चालनगरिने छ ।

११३. विद्यालय स्वास्थ्य तथा पोषण र स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।क्षयरोगमुक्तनगरपालिका घोषणाका लागि विभिन्न कृयाकलापहरु सञ्चालन गरिने छन् ।

११४. स्वास्थ्य माहाँमारी तथा विपद् व्यवस्थापनका लागि RRC/RRT टोलि गठन भैसकेको र प्रतिकार्यकालागि आवश्यक औषधि सामग्रिहरुको व्यवस्थापन गरिने छ ।

११५. घरदैलोमै गई जेष्ठ नागरिकहरुको स्वास्थ्य चेक जाँच गर्नका लागि मेयर जेष्ठ नागरिक स्क्रिनिङ्ग कार्यक्रम ल्याईने छ ।

११६. स्वास्थ्य आमा समूहहरुलाई सक्रिय बनाउनका लागि आमा समूहको पूनर्गठन तथा समीक्षा वैठक राखिने छ ।स्वास्थ्य संस्थाहरुको सेवा चुस्त दुरुस्त राख्नका लागि अनुगमन पृष्ठपोषणलाई निरन्तरता दिईने छ ।

११७. आधारभूत तथा सामुदायिक स्वास्थ्य केन्द्रहरुमा सूचना तथा संचारका सामग्रीहरुको व्यवस्था मिलाईने छ ।स्वास्थ्यकर्मी र सहायक कर्मचारीहरुका लागि संक्रमण रोकथाम तथा नियन्त्रण क्षमता अभिवृद्धि कार्यक्रम गरिने छ ।

११८. स्वास्थ्यकर्मीहरुलाई आधारभूत कम्प्यूटर सीप सिकाई कम्प्यूटर ईन्टरनेटको व्यवस्थापन गरि सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई डिजिटल रेकर्डिङ रिपोर्टिङ्ग गरिने छ ।

११९. स्थापना भएका वर्थिङ्ग केन्द्रहरुका प्रसुति कक्षहरुको स्तरोन्नति गरिने छ ।प्रसुति केन्द्रहरुमा कार्यरत नर्सिङ् कर्मचारिहरुका लागि दक्ष प्रसुतिकर्मिको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।

१२०. बुङ्गल नगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई बार्षिक कार्ययोजना तयार गर्न लगाई सोको कार्यान्वयन गरिने छ ।दहवगर स्वास्थ्य चौकी, देउलिकोट स्वास्थ्य चौकी र पिपलकोट स्वास्थ्य चौकीमा ल्याव सेवाको विस्तार गरिने छ ।

१२१. आन्तरिक रोजगारी सिर्जना गर्न राष्ट्रिय रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडि बढाउन नगरपालिकाबाट पनि लागत साझेदारीको अवधारणा लिईनेछ ।

१२२. रोजगार सेवा केन्द्रलाई थप सुदृढीकरण गरी सेवा केन्द्रलाई प्रभावकारी बनाउन करार कर्मचारीहरुको सेवालाई निरन्तरता दिईनेछ ।रोजगारी सिर्जनाका लागि बजारको माग अनुसार विभिन्न सीप विकास तालिमहरु सञ्चालन गरिनेछन् ।

१२३. बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित बनाउन नगरपालिकामा समी कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

## यस गरिमामय नगर सभाका सदस्यज्यूहरू

१२४. रोजगार मूलक सूचना सल्लाह परामर्श र वैदेशिकरोजगार सम्बन्धि सूचना प्रवाहलाई वैज्ञानिक बनाउँदै लगिनेछ । समाज विकासका लागि प्रभावकारी कार्यक्रम भएका NGO/INGO हरुका कार्यक्रमहरु नगरपालिकाभित्र भित्र्याउन पहल गरिनेछ ।

१२५. दलित तथा बिपन्न, सीमान्तकृत, लक्षित समुह, द्वन्द पिडित,जनआन्दोलनमा घाइते, वेपत्तार सहिद परिवारका सदस्यहरुको जीवन स्तर सुधारका लागि आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१२६. यस नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुलाई वर्गीकरणका आधारमा विभिन्न सीपमूलक कार्यक्रम ल्याई जीविकोपार्जनमा सुधार तथा आर्थिक सहयोग गरिनेछ ।

१२७. नगरपालिका भित्रका बजार क्षेत्रहरुमा सार्वजनिक शौचालय बनाई सञ्चालन गरिनेछ। खानेपानी नभएका टोलहरुमाखानेपानीकोव्यवस्था गरी सरसफाईका कार्यक्रममा निरन्तरता दिईने छ।

१२८. विपन्न, असहाय, गरीब, पिछडिएको वर्ग तथा परिवारको क्षमता विकास गरी आयआर्जनका कामहरुमा लगाई सामाजिक मूलधारमा ल्याईनेछ ।

१२९. रुढीवादी, अन्धविश्वास, सामाजिक भेदभाव, सामाजिक विकृति,बालविवाह, बहुविवाह र सामाजिक कुसंस्कारको अन्त्य गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

१३०. नगर भित्रको भाषा संस्कृतिको संरक्षण र जगेर्ना गर्ने कार्यक्रम संचालन गरिने छ ।दलित शसक्तिकरण तथा जनचेतानामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१३१. दलितहरुका परम्परागत सीप तथा पेशालाई आधुनिकीकरणका लागि नीतिगत व्यवस्था गरिनेछ ।

१३२. बुङ्गल नगरपालिका भित्रहालसम्म अफलाइनमा गरिएका व्यक्तिगत घटना दर्ता कार्यलाई डिजिटाइजेसन गरिनेछ ।

१३३. प्रत्येक वडाका स्थानीय पञ्जिकाधिकारीहरुलाई व्यक्तिगत घटना दर्ता लगायत कार्यालयका अन्य कामकाज गर्नलाई दक्ष बनाउनका लागि तालिमको व्यवस्था गरिनेछ ।

१३४. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण गर्नलाई जनचेतना मूलक कार्यक्रम गरिनेछ ।

१३५. हरेक वर्ष वैशाख १ गते देखि ७ गते सम्म व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम सञ्चालन गरिने छ । नयाँ दर्ता तथा नविकरणका समयमा सामाजिक सुरक्षा भत्ता प्राप्त

गर्ने लाभग्राहीहरुलाई सहजिकरण गर्नका लागि इन्फ्रास्ट्रक्चर  बायोमेट्रिक सामाग्रीहरुको व्यवस्था गरिनेछ ।

१३६. महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्ग लक्षित कार्यक्रम सञ्चालन गरी **लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८२** र लैङ्गिक उत्तरदायी बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१३७. लैंङ्गिक तथा महिला हिंसा, बालविवाह, छाउपडी जस्ता सामाजिक कुरीतिहरु प्रति शुन्य सहनशीलताको नीति अवलम्बन गरी सबै वडा, वस्ती, गाउँ टोलमा सामाजिक अभियानका साथै महिलाहरुको लागि आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१३८. बालविवाह अन्त्यका लागि रणनीतिक कार्ययोजना, २०८२ तयार गरी बालविवाह अन्त्य गर्न बालविवाह मुक्त वडा तथा टोल घोषणाको अवधारणा ल्याईनेछ ।

१३९. बालबालिका तथा किशोर-किशोरीको क्षमता विकास, सशक्तिकरण र जीवनोपयोगी सीपका लागि किशोर-किशोरी वित्तीयसीप रुपान्तरण कक्षा संचालन गरिनेछ ।

१४०. हिंसा पिडितमहिलाका लागि राहत सहयोग गर्न महिला हिंसा निवारण कोषको स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।

१४१. जेष्ठ नागरिकको अनुभवको उपयोग गर्दै उहाँहरुको मर्यादित जीवन यापनका लागि परिचय-पत्र वितरणअभियान तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।जेष्ठ नागरिकको उच्चतम् सम्मान गर्दै उहाँहरुको सीपलाई अन्तरपुस्ता हस्तान्तरण गरिनेछ ।

१४२. अपाङ्गता भएका नागरिकहरुको अपाङ्गताको पहिचान गरी परिचयपत्र वितरण गर्ने कार्य निरन्तरता गरिनेछ ।

१४३. सबै सरकारी कार्यालय, विद्यालय, स्वास्थ्यसंस्था लगायतका भौतिक संरचनाहरु अपाङ्गमैत्री बनाईनेछ ।

१४४. महिलाहरुलाई सरकारी सेवा प्रवेशका लागि क्षमता विकास तथा उपयुक्त तालिमको व्यवस्था गरिनेछ ।

१४५. सूचिकृत मेलमिलापकर्ताहरुलाई पुनर्ताजकी तालिम सञ्चालन गरिनेछ ।

१४६. न्यायिक समितिको कार्य प्रभावकारी क्षमता विकास तथा सिकाई आदान प्रदानका लागि अन्तरजिल्ला भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४७. वडा स्तरीय मेलमिलापकेन्द्र व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।न्यायिक प्रभावकारीताका लागि वडा स्तरीय न्यायिक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४८. बुङ्गल नगरपालिकालाई डिजिटल नगरपालिका बनाउने नीति  अवलम्बन गरिनेछ ।

१४९. वन्य जन्तुहरुको अबैध चोरी, पैठारी सिकार गर्ने वा गराउने कार्यलाई निरुत्साहित गरिनेछ । सामुदायिक वन  र अन्य वन संरक्षणमा जोड दिईने छ ।

१५०. प्रत्येक गाउँटोलमा वृक्षारोपण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाउँदै लगिनेछ ।

१५१. नगरपालिका भित्र रहेका प्लाष्टिक जन्य वस्तुहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

१५२. वातावरणीय फोहरमैला व्यवस्थापनका लागि बिजगडा, झापा, कफल्सेरी जस्ता बाक्लो बस्ती भएका स्थानहरुका लागि डम्पिङ्ग साईडको व्यवस्था गरिने छ ।

१५३. अबैध रुपले वनजंगल फडानी गर्ने र सार्बजनिक जग्गालाई अतिक्रमण गर्ने कार्यलाई पूर्ण रुपमा निषेध गरिनेछ ।

१५४. वन वातावरण संरक्षण र जलवायु परिवर्तन सम्बन्धी जनचेतनामुलक कार्यक्रम गरिने छ ।

१५५. बुङ्गल नगरपालिकाको बृहत्तर विकासका लागि गुरु योजना निर्माण गरी आवश्यकता अनुसार तत्कालिन, मध्यकालिन तथा दीर्घकालिन रणनीति तथा योजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्यवन गरिनेछ ।

## यस गरिमामय नगर सभाका सदस्यज्यूहरू

१५६. भष्ट्राचार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ । सुशासन र सहज कार्यसम्पादन गर्न कर्मचारी र जनप्रतिनिधीको क्षमता विकासका लागि तालिम, गोष्ठि, अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१५७. कार्य सम्पादनका लागि अनुगमन मुल्याङ्कन र सुपरीवेक्षण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।ढिला सुस्ति,अनियमियता र अपारदर्शिता जस्ता कार्यहरुलाई निषेध गरिनेछ ।

१५८. जनप्रतिनिधि र कर्मचारीलाई काम र कर्तव्य प्रति उत्तरदायी,जवाफदेही तथा नतिजामुखी बनाईनेछ ।इमानदार, मेहिनेती र लगनशीलता भएका सार्वजनिक पद धारण गरेका व्यक्तित्वहरुलाई पुरस्कृत गर्नुका साथै गैरजिम्मेवार कर्मचारीहरु तथा पदाधिकारीहरुलाई नियमानुसार कडा कारवाही गरिनेछ ।

१५९. नगरपालिकाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रममा वित्तीय जोखिम न्यूनिकरणका लागि निर्माण तथा खरिद प्रकृयालाई बढी प्रतिस्पर्धी बनाउन बिगत देखि प्रयोगमा ल्याइएको विद्युतीय खरिद प्रणाली (इ-विडिङ)लाई प्रभावकारी रुपमा कार्यान्वयन ल्याईनेछ ।

१६०. नगरपालिका भित्रका सरकारी तथा गैरसरकारी संस्थाहरुका पदाधिकारी तथा कर्मचारीलाईChain of command को नीति कडाईका साथ अवलम्बन गरिनेछ ।

१६१. नगरपालिका भित्र सञ्चालित हुने सबै प्रकारका योजना तथा कार्यक्रमहरु प्रभावकारी ढङ्गले अनुगमन, निरीक्षण र नियमन गरिनेछ ।

१६२. पिछडिएको वर्ग र क्षेत्रका व्यक्तिहरुको न्यायमा सहज पहुँच सुनिश्चित गर्ने कानुनी शिक्षा र जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छन् । कानुनका विज्ञहरुबाट न्यायिक समिति, जनप्रतिनिधि र कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

१६३. नगरभित्रका सम्पूर्ण उद्योग तथा व्यवसायहरुलाई दर्ता प्रक्रियामा ल्याई आन्तरिक राजश्व वृद्धि गरिनेछ ।

१६४. नगरपालिका भित्रका नदी नाला, खोलाहरुकोIEE गरी ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् र सिलेट संकलन तथा विक्रिवितरण मार्फत राजश्व संकलन गरिनेछ ।

१६५. रहरले कर तिर्ने वातावरण निर्माण गरी उत्कृष्ट करदातालाई सम्मान गरिनेछ । यार्सागुम्बा, वनलसुन लगायतका अन्य बहुमूल्य जडिबुटीहरुको संकलन तथा विक्रिवितरणलाई थप व्यवस्थित गरी करको दायरामा ल्याईनेछ ।

१६६. घर बहाल कर, तथा अन्य शुल्क,दस्तुरलाई व्यवस्थित गरी राजश्व संकलन गरिनेछ ।

१६७. प्रविधिमैत्री एवम् गुणस्तरीय शिक्षा प्रवर्द्धनका नविन प्रविधिको प्रयोग गर्न तथा शिक्षालाई प्रविधिसंग जोड्न विद्यालयहरुमा इन्टरनेट जडानगरिनेछ ।

१६८. प्रारम्भिकबालकक्षामा अध्ययनरत बालबालिकाहरुको शारीरिक,मानसिक,बौद्धिक विकासलाई मध्यनजर गरी विद्यालयहरुमा सुरक्षित बसाई ब्यवस्थापन,शैक्षिक सामग्री व्यवस्थापन गर्नुका साथै अभिभावकहरुलाई जिम्मेवार बनाउन अभिभावकहरुसँग छलफलका कार्यक्रम सञ्चालन गरिनेछ ।

१६९. विद्यालय क्षेत्रको समग्र सुधार तथा विकासका लागि नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयनगरिनेछ ।

१७०. नगरपालिका अन्तर्गत संञ्चालित विद्यालयहरुको नक्साङ्कन,शिक्षक विद्यार्थी अनुपात,तहगत संरचना, शैक्षिक गुणस्तर समेत अध्ययन गरी विद्यालय समायोजन, एकीकरण, कक्षा थप, घटुवा तथा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलानको कार्य गरिनेछ ।

१७१. शिक्षक दरबन्दी कम भएका र शुन्य दरबन्दी भएका सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइ क्रियाकलापमा सहयोग गर्नका लागि स्वयंसेवक शिक्षकको ब्यबस्थामिलाइनेछ ।

१७२. **"स्वच्छ भोजन स्वस्थ जीवन"**भन्ने मान्यतालाई स्थापित गर्न दिवा खाजामा जङ्क फुडलाई निरुत्साहित गर्दै विद्यालयमा दिवा खाजाको स्वच्छता नियमन गर्नुका साथै स्थानीय उत्पादनको उपयोगमा जोड दिने र विद्यालय भान्साघर सुधारगरिनेछ ।

१७३. शैक्षिक गुणस्तर सुधार कार्यक्रमअन्तर्गत नमूना विद्यालयको गुरुयोजनाअनुरुप छनौट भएको विद्यालयलाई व्यवस्थित गर्न नमूना विद्यालय मापदण्ड तयारी तथा कार्यान्वयन गर्ने नीतिको सुरुवात गरिनेछ ।

१७४. विद्यालय सबैको सिकाइको साझा थलो तथा सम्पत्ति हो भन्ने मान्यताको विकास गर्नअभिभावकहरु तथा सरोकारवालाहरुको संलग्नतामा विद्यालय समुदाय सहकार्य कार्यक्रम सञ्चालन गर्न पहलकदमी गरिनेछ ।

१७५. नगरपालिकाअन्तर्गतका विद्यालयहरुमा शिक्षकहरुको पेशागत दक्षता अभिवृद्धिका लागि तालिम,विद्यालयको भौतिक संरचनामा सुधार र शैक्षिक तथा प्रशासनिक व्यवस्थापनका माध्यमद्वारा गुणस्तरीय शिक्षाका लागि अत्यावश्यक कार्यक्रमहरु संञ्चालन गरिनेछ।

१७६. लक्षित वर्गलाई शिक्षामा पहुँचको विस्तार गर्न तथा आर्थिक सहायता उपलब्ध गराउन छात्रवृत्ति कोषसम्बधी कार्यविधि तथा कोष स्थापनाको पहल गर्न अन्य संघ संस्था तथा विकास साझेदारहरुसँग हातेमालो गर्ने नीति अवलम्बन गरिनेछ ।

१७७. सामुदायिक विद्यालयमा कार्यरत शैक्षिक जनशक्तिलाई आफ्नो पेशाप्रति जिम्मेवार र उत्तरदायी बनाउन पुरस्कार र सचेत गराउने व्यवस्थालाई प्रभाकारी रुपमा कार्यान्वियन गरिनेछ ।

१७८. शैक्षिक उपलब्धिका आधारमा उत्कृष्ठ विद्यालयउत्कृष्ठ शिक्षक र उत्कृष्ट विद्यार्थी छनौट गरी पुरस्कार तथा सम्मानको नीति अवलम्बन गरिने छ।

१७९. विद्यालयहरुले प्रयोगमा ल्याएका असल अभ्यासका कार्यक्रमहरुलाई एक आपासमा आदानप्रदान गर्न गराउन प्रोत्साहित गरिने छ। साथै शैक्षिक अनुभव आदानप्रदानका लागि अन्तर विद्यालयअवलोकन, भ्रमणका कार्यक्रमहरु संचालन गरी प्रतिस्पर्धी गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण सृजना गरिनेछ।

१८०. संस्थागत विद्यालयहरुको नियमित अनुगमन,निरीक्षण गरी शैक्षिक मापदण्डअनुरुप संञ्चालनमा ल्याइनेछ ।

१८१. संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेकाले सबै बासिन्दालाई शिक्षाको पहुँच सुनिश्चित गर्न अति विपन्न परिवारका बालवालिकाहरुलाई शैक्षिक सामग्री तथा पोशाकको व्यवस्थापनमा सहयोग गरिनेछ ।

१८२. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उन्नयनका विषयमा सार्वजनिक सुनुवाई तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त शिक्षाविद्हरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम संञ्चालन गरी शैक्षिक सुधारका लागि कार्यक्रमहरु निर्माण तथा कार्यान्वियन गरिने छ ।

१८३. **"सुरक्षित विद्यालय सुरक्षित किशोरी कार्यक्रम"** मार्फत माध्यमिक विद्यालयस्तरका विद्यार्थीहरुका लागि किशोरी आत्मरक्षा कार्यक्रम संञ्चालन गरिने छ । साथै किशोरीहरुलाई निःशुल्क सेनेटरी प्याड विद्यालयमा नै उपलब्ध गराउने ब्यवस्था मिलाईनेछ ।

१८४. **"सन्तुलित आहार, शैक्षिक गुणस्तर अभिवृद्धिको आधार"** भन्ने आदर्श वाक्यका साथविद्यालय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न बहुक्षेत्रीय पोषण योजनाअन्तर्गतका क्षेत्रगत कार्यक्रमहरुलाई र अन्य संघसंस्थासँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

१८५. नेपाल सरकार र विश्व खाद्य कार्यक्रमको साझेदारीमा सञ्चालित दिवा खाजा कार्यक्रम र यसका पूरक कार्यक्रमहरु (विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम,प्रारम्भिक तह पढाइ कार्यक्रम,स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम) प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१८६. अध्ययनमा युवाहरुको रुची जगाउन बुङ्गलनगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सुविधासम्पन्न लाइब्रेरी, E-Library निर्माण गरी Free Wifi को समेत ब्यवस्था गरिनेछ।

१८७. खेलकुदका माध्यमबाट विद्यार्थीको सर्वाङ्गीण विकासका लागि नगरपालिकास्तरीय राष्ट्रपति रनिङ् शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

## यस गरिमामय नगर सभाका सदस्यज्यूहरू

१८८. तीन/तीन महिनाको अन्तरालमा विद्यालय स्तरीय खेलकुदका तथा प्रतिभा पहिचानका लागि अतिरिक्त क्रियाकलापअन्तर्गत विभिन्न प्रतियोगिताहरु संञ्चालन गरिनेछ।

१८९. विद्यालयस्तरीय खेलकुदका प्रतियोगिताहरुमा उत्कृष्ट खेलाडीहरुलाई थप तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाई जिल्लास्तरीय, क्षेत्रीय,र राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा सहभागिताको लागि प्रोत्साहन गरिनेछ ।

१९०. विद्यालयहरुमा विभिन्न खेलको अभ्यासका लागि खेलकुदका सामग्रीहरु वितरण गर्ने नीति अवलम्बन गरिनेछ ।

१९१. विद्यालयहरु एकरुपताका साथ संचालन तथा ब्यवस्थापनका लागि शैक्षिक पात्रो निर्माण गर्ने नीतिलाई निरन्तरता दिइने छ।प्राविधिकधार तर्फको विद्यालय श्री सरस्वति मा.वि.लाई थप प्रभावकारी बनाउनको लागि पहल गरिनेछ ।

१९२. मानसिक विकास सुधार र रोग प्रतिरोधक क्षमता बढाउनका लागि ११ वटै वडाहरुमा शिविर सञ्चालन गरिनेछ ।

१९३. आयुर्वेद सेवाका विभिन्न कार्यक्रम गरिदै नागरिक आरोग्य कार्यक्रममा जोड दिईनेछ ।

१९४. आयुर्वेद औषधालयमा ल्याबको व्यवस्था गरिनेछ ।

१९५. उधोग  विकास तथा रोजगार सिर्जना सम्बन्धि रणनीतिक योजना तयार गरिनेछ ।

१९६. फर्निचर उधोग संचालनमा ल्याई कार्यान्वयनमा ल्याईनेछ ।

१९७. कृषि तथा पसुपालानमा आधारित उधोगलाई बिशेस प्राथमिकता दिएने छ ।

१९८. जडीबुडी प्रशोधन केन्द्रलाई प्रोत्साहित गरिने छ ।

१९९. नगरबासीको आर्थिक समुन्नतीका लागि साना तथा घरेलु उधोगहरु संचालन गर्न प्रोत्साहित गरिने छ ।

२००. बजारको माग श्रोत साधनको उपलब्धता र जनचाहनामा आधारित उद्यमहरुको स्थापना र उद्यम हरुको स्तरोन्नती गरिनेछ ।

२०१. नगरपालिका भरिका बजार र उधोग व्यवसायहरुलाईथप सुदृढीकरण गरी अनुगमन कार्यलाई निरन्तरता दिईनेछ ।

२०२. उधोग  क्षेत्रमा आबश्यका जनशक्ती विकास र क्षमता अभिबृद्धिसम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ।स्थानीय स्तरमा रोजगारका अवसरहरु सिर्जना गरी नगरपालिकालाईसम्बृद्ध बनाउन पहल गरिनेछ ।

२०३. स्थानीय स्तरमा रोजगारीको प्रवर्धनका लागी डेरी उधोग, चप्पल उधोग, साबुन उधोग, अल्लो प्रोसोधन केन्द्र, आलु चिप्स बनाउने तालिम,बास निगालो सामग्री बनाउने उद्योग जस्ता कार्य हरु संचालनमा ल्याईनेछ ।

२०४. पोषण अवस्थामा सुधार ल्याउनका लागि बहुक्षेत्रिय पोषण योजना कार्यान्वयनमा ल्याईनेछ ।

२०५. सुनौला हजार दिनका महिला बालबालिका किशोरीहरुमा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन बहुक्षेत्रिय पोषण योजनालाई प्राथमिकताका साथ लागू गरिनेछ ।

२०६. पोषणमैत्री स्वास्थ्य संस्था तथा वडा घोषणका लागि आवश्यक क्रियाकलाप सञ्चालनमा ल्याउनका साथै आगामी दिनमा पोषणमैत्री पालिका घोषणाका लागि पहल गरिनेछ ।

२०७. पोषण अवस्थामा सुधार ल्याउन पोषण लेखाजोखा समुदाय स्तरमा मासिक रुपमा सञ्चालन गरी कुपोषणको अवस्थालाई समयमा नै स्क्रिनिङ गरी उपचार गरिने व्यवस्थापन गरिनेछ ।

२०८. विपन्न सुनौला हजार दिनका आमाहरुको आयआर्जनमा सुधारको लागि जीविकोपार्जन कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

२०९. मानसिक विकास सुधार र रोग प्रतिरोधक क्षमता बढाउनका लागि ११ वटै वडाहरुमा शिविर सञ्चालन गरिनेछ ।

२१०. आयुर्वेद सेवाका विभिन्न कार्यक्रम गरिदै नागरिक आरोग्य कार्यक्रममा जोड दिईनेछ ।आयुर्वेद औषधालयमा ल्याबको व्यवस्था गरिनेछ ।

२११. स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि डेरी उद्योग, चप्पल उद्योग , साबुन उद्योग , अल्लो प्रशोधन केन्द्र, आलु चिप्स बनाउने तालिम, बाँस निगालो सामग्री बनाउने उद्योग जस्ता कार्यहरु संचालनमा ल्याईनेछ।

२१२. नगरपालिकाको आर्थिक समुन्नतीका लागि साना उद्योगहरु सञ्चालन गर्न प्रोत्साहित गरिने छ।

२१३. एकल महिला सुरक्षा कोष स्थापना गरिनेछ।

२१४. पालिका स्तरीय लैंङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम सञ्चालन गरिनेछ।

२१५. मिसन रोजगारी अन्तर्गत दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धन अभियान सञ्चालन गरिनेछ।

२१६. नगरपालिकाले यस वर्ष दिगो रोजगारी सिर्जना तथा प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखेर मिसन रोजगारी दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धन अभियान सञ्चालन गर्नेछ । यस अभियान अन्तर्गत हाल सञ्चालन भईरहेका सीप विकास उद्यमशीलता प्रवर्द्धन श्रम बजार व्यवस्थापन लगानी अभिवृद्धि कार्यक्रम लगायतका रोजगारी र उद्यमशीलतासँग सम्बन्धित कार्यक्रमहरुलाई एकीकृत गरेर मिसन रोजगारी अभियान अन्तर्गत नै निरन्तरता दिइनेछ । रोजगारी सृजनाका क्षेत्रको पहिचान उद्यमशीलता प्रवर्द्धन वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप सदुपयोग तथा श्रम बजार अनुकूल सीप विकास कार्यक्रमहरुको निर्माण र कार्यान्वयन गरिनेछ । यस मार्फत नगरपालिकाले श्रम सीप रोजगारी दिगो चक्र निर्माण गर्दै उत्पादनशीलता उद्यमशीलता र आर्थिक समुन्नतिको नयाँ आधार तय गरिनेछ ।

२१७. श्रम बजारको माग उपलब्ध स्रोत र जनशक्ति रोजगार प्रकृतिको अध्ययन गरी नगरपालिकाको रोजगारी रणनीति निर्माण गरिनेछ । नगरपालिकाले आफ्नै भूगोल स्रोत आवश्यकता र मागको विश्लेषण गरी नगरपालिकामा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान समस्याहरुको निदान र रोजगारी सृजनाका नवीनतम् उपाय एवं विविधहरुको विकास गर्न रोजगार रणनीति तयार गरिनेछ ।

२१८. उद्यमशीलता विकासलाई स्थानीय रोजगारी सिर्जनाको मुख्य आधार मान्दै स्थानीय स्रोत सीप र सन्दर्भ अनुकूल लघु तथा घरेलु उद्योग स्टार्टअप र नवपर्वतनशील उद्यमलाई प्रवर्द्धन गर्ने नीति तथा संरचना विकास गरिनेछ । नागरिकलाई उद्यमी बनाउन र अवसरसँग जोड्नको लागि व्यवसायको संवर्द्धन र उद्यमहरुको द्रुतीकरण मार्फत नवप्रवर्तन वित्त र प्रविधिमा पहुँच बजार विस्तार आम्दानी वृद्धि जस्ता विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । सीप विकास र तालिमपछिको अवसरको लागि रोजगारदाता तथा तालिम प्रदायक संस्थाहरु र तहगत सरकारहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

**अन्त्यमा**

कुनै पनि काम गर्ने कुनै एक्लो व्यक्ति वा संस्थाको प्रयासले मात्र प्रयाप्त हुदैन । यसको लागि सरोकारवाला सबैको सहयोग र साथ समुन्वय सहकार्यको आवश्यकता पर्दछ । बुङ्गल नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को निति तथा कार्यक्रमलाई मूर्त रुप दिन यस बुंगल नगरपालिकाका निर्वाचित सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलहरु, कर्मचारी वर्ग, बुद्धिजीवी, समाजसेवी, नागरिक समाज, पत्रकार तथा आम बुङ्गल बासी दाजु-भाईदिदी-बहिनीहरुको सहयोग साथ रहने अपेक्षा गर्दै विदा हुन्छु ।

धन्यवाद ।